# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

## प्रेस नोट

(आमसञ्चार माध्यममा तत्काल प्रयोजनको लागि)

**२०७४ वैशाख २० गते**

## आयोगद्वारा उम्मेदवारी मनोनयन दर्ताको अनुगमन

### शान्तिपूर्ण रूपमा मनोनयन दर्ता सम्पन्न

स्थानीय तह निर्वाचनको क्रममा मुलुकका ७४४ वटा स्थानीय तह मध्ये पहिलो चरणमा (२०७४ वैशाख ३१ गते) सम्पन्न हुने भनिएको तीन प्रदेशका, ३४ जिल्लाका, २८३ वटा स्थानीय तहमा जनप्रतिनिधि छान्न शुरु भएको मनोनयन दर्ता प्रकृयाको राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन गरेको छ ।

अनुगमनको क्रममा विभिन्न राजनीतिक दलहरुले उत्साहका साथ र्‍याली, परम्परागत सांस्कृतिक बाजागाजा, नाचगान सहित उमेदवारी मनोनयन दर्ता गर्न निर्वाचन कार्यालयहरूमा उपस्थित भएको पाइएको छ । साथै, अनुगमनको क्रममा सुरक्षाको अवस्था सन्तोषजनक रहेको थियो । राजनीतिक दलहरूले शान्तिपुर्ण रुपमा मनोनयन दर्ता गरेका थिए । लामो समय पछि हुन लागेको स्थानीय निर्वाचनमा शान्तिपुर्ण ढङ्गले उम्मेदवारहरुले मनोनयन दर्ता गराउनुलाई आयोगले सकारात्मक रुपमा लिएको छ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org